# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, असार १ गते २०४० साल (पूर्वातिरिक्ताङ्क ६ (क)

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा १८ को उपदफा (१) अनुसार नेपाल राष्ट्र बैङ्कले निम्नबमोजिमको ढाँचा तथा आकार प्रकारको रू. ५०।– (पचास) दरको नेपाली नोट मिति २०४०।३।१ देखि चलन चल्तीमा ल्याउन नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा १८ को उपदफा (६) बमोजिम श्री ५ को सरकारबाट स्वीकृति दिइएकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

नोटको दरः– रूपैयाँ पचास

नोटको आकार प्रकार निम्नबमोजिम छः–

(१) नोटको लम्बाइ – १४२ मी. मी.

(२) नोटको चौडाइ – ७० मी. मी.

(३) कागज शत प्रतिशत – च्याग फाइबर मेलामाइन

(४) मुख्य रङ्ग– नीलो

(५) सुरक्षणको लागि कागजभित्र धातुको धागो (तार) राखिएको

नोटको अगाडिपट्टि

(क) नोटको बायाँपट्टि श्री ५ महाराजाधिराज सरकार दाहिनेतर्फ नजर होइबक्सेको राजकीय पोशाक सहित श्रीपेच पहिरिबक्सेको आवक्ष चित्र अङ्कित छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नोटको मध्य भागमा हरियो रङ्गको जनकपुरधामको जानकी मन्दिरको चित्र अङ्कित छ।

(ग) नोटको दायाँ भागमा नेपाली अलङ्कारको फ्रेमभित्र श्रीपेचको पानी चित्र रहेको छ। त्यसको माथिपट्टि मुद्राको अल्पाकार छापिएको छ। मुद्राको अल्पाकार चित्रभन्दा दायाँ कुनामा अंग्रेजी अङ्कमा (50) छापिएको छ।

(घ) नोटको बीचको माथिल्लो भागमा "श्री नेपाल राष्ट्र बैङ्क" भन्ने शब्द मुनि "श्री ५ को सरकारको जमानत प्राप्त यसको रूपैयाँ भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैङ्कबाट रूपैयाँ ५० रूपैयाँ पचास तुरुन्त पाइनेछ" भन्ने शब्दहरू छापिइ त्यसभन्दा तल जालिदार बुट्टामा गभर्नर कल्याण विक्रम अधिकारीको दस्तखत छापिएको छ।

(ङ) नोटको बायाँतर्फ माथिल्लो कुनामा नेपाली अङ्कमा ५० छापिएको र नोटको तल्लो भागको दायाँ र बायाँ कुनामा नोटको क्रमिक साङ्केतिक अक्षर र अङ्क सहितको नम्बर राखिएको छ। यस नोटको क्रमिक नम्बर $\frac{\text{क}}{\text{१}}$ ००००००१ देखि शुरू हुन्छ।

नोटको पछाडिपट्टि

(क) नोटको मध्य भागमा हिमालयको पृष्ठभूमिमा दायाँतिर फर्केर उभिएको झारलको चित्र अङ्कित छ। त्यसभन्दा माथि नेपाल राष्ट्र बैङ्कको चिन्ह छापिएको छ।

(ख) नोटको दायाँतर्फ नेपालको निशाना छाप अङ्कित छ।

(ग) बायाँपट्टि माथिल्लो कुनामा नेपाली अङ्क ५० रूपियाँ पचास र दायाँपट्टि माथिल्लो कुनामा अंग्रेजी अङ्क 50 छापिएको छ। तल्लोपट्टि बीचमा रूपैयाँ पचास (RUPEES FIFTY) छापिएको छ।

द्रष्टव्य :– यसभन्दा पहिले चलन चल्तीमा रहेको रू. ५०।– दरको नोटहरू यथावत कानून ग्राहय रहनेछन् र यी नयाँ ढाँचाको रू. ५०।– दरको नोटहरू सँगसँगै चल्तीमा पठाइनेछ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४८